website:besishaharmun.gov.np
Email:info@besishaharmun.gov.np

# बेसीशहर नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

बेसीशहर, लमजुङ
गण्डकी प्रदेश, नेपाल

फ्याक्स नं. ०६६-५२०२०४
फोन नं. ०६६-५२०१५०

प.सं.२०८०/०८१
च.न.

## कृषि एम्बुलेन्स सेवा सञ्चालनको प्रस्ताव आह्वान सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति २०८०/०९/१३ गते

आ.व. २०८०/८१ मा बेसीशहर नगरपालिका नगरकार्यपालिका, बेसीशहर लमजुङको कृषि एम्बुलेन्स सेवा सञ्चालन गर्ने कार्यक्रम अन्तरगत यस नगरपालिका भित्र कृषिजन्य उपजको सहज ढुवानी पुर्याउने उद्देश्यले उक्त सेवा सञ्चालन गर्नुपर्ने भएकोले इच्छुक कृषक समूह/कृषि सहकारी/छाता संगठन/कृषि फर्म/कम्पनी/व्यक्तिले तपशिलका आवश्यक कागजात सहित सूचना प्रकाशित भएको मितिले ३० दिन (२०८०/१०/१३) भित्र यस कार्यालयमा तोकिएको ढाँचा अनुसार प्रस्ताव दर्ता गर्न सम्बन्धित सवैमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। साथै यस विषयमा थप जानकारीको लागि कार्यालयमा सम्पर्क गर्नुहोला ।

<u>आवश्यक मापदण्ड/ कागजातहरु</u>

- कार्यक्रम संचालनका लागि माग निवेदन
- सम्वन्धित निकायमा कृषक समूह / कृषि सहकारी/कृषि फर्म/कम्पनी दर्ता तथा नविकरण भएको प्रमाणपत्रको प्रतिलिपि ।
- प्यान / करचुक्ता प्रमाणपत्रको प्रतिलिपि, निवेदकको नागरिकता वा परिचय खुल्ने प्रमाणपत्रको प्रतिलिपि, संस्थागत निर्णयको प्रतिलिपि र वडा कार्यालयको सिफारिस पत्र ।
- आवेदक संस्थाले सो सेवा सञ्चालनको कुल आम्दानीको कम्तिमा २०% हुन आउने रकम मासिक रुपमा छुट्टै बैंकिङ कोष खडा गरि बचत गर्ने प्रतिबद्धता सहितको पत्र ।

नोटः आवेदन पेश गर्ने अन्तिम दिन कार्यालय विदा भएमा त्यसको अर्को दिन कार्यालय खुलेको समयमा आवेदन पेश गर्न सकिनेछ ।

चेतनाथ 'अर्याल'
प्रमुख प्रशासकीय अधिकृत